Research Article

Adhyayan Journal
A Peer-reviewed Multidisciplinary Journal

# लेखनाथ पौड्यालको गौथलीको चिरिबिरी कवितामा अद्वैत वेदान्त दर्शन

# Advaita Vedanta philosophy in the poem of Gauthali ko Chiribiri by Lekhnath Paudyal

**Thakur Prasad Pokhrel** *

Department of Nepali, Mechi Multiple Campus, Bhadrapur, Nepal,
thakur.pokhrel@memc.tu.edu.np

**लेखसार**

*प्रस्तुत लेखनाथ पौड्यालको गौथलीको चिरिबिरी कवितामा अद्वैत दर्शन शीर्षकको लेख वेदान्त दर्शनका आधारमा तयार गरिएको छ । यो लेख विषय-परिचय, अध्ययनको विधि, सैद्धान्तिक पर्याधार, गौथलीको चिरिबिरी कविताको विश्लेषण आदि उपशीर्षकका आधारमा तयार भएको छ । व्यक्ति आफूले आर्जन गरेको घर, सम्पत्ति आदिलाई महत्त्व दिएर तिनको संरक्षण गर्न लागेको हुन्छ । मानिसले भौतिक वस्तुलाई सत्य माने पनि त्यो अविनाशी नभएर एक दिन समाप्त हुनपुग्दछ । यो दृश्य जगत्का कुनै पनि वस्तु सधैं रहदैनन् । तिनले मानिसलाई नै दास बनाएर दुःख दिइरहेका छन् भन्ने भाव कवितामा प्रस्तुत भएको छ । गौथली आफ्नो गुँड भत्काएर घरलाई सफा राख्न खोज्ने घर मालिकलाई मेरो सम्मपत्ति भनेर माया गर्नु निरर्थक हो र संसारमा आफ्नो भन्ने वस्तु केही पनि नभएको प्रसङ्ग सुनाउँछ । पृथ्वीमा भएका पदार्थहरू सम्पूर्ण प्राणीहरूको साझा सम्पत्ति भएकाले मानिसले बनाएको घरमा आफूमात्र नभई विभिन्न जीवजन्तुहरू पनि बस्दछन् । एउटाको मात्र गुँड नभत्काउन र सबै प्राणीलाई बराबर माया गर्न आग्रह गरिएको छ । कवितामा माया र भ्रममा परेर असत्य वस्तुलाई सत्य माने पनि ती नासवान् भएको प्रसङ्ग उल्लेख छ । संसारमा ब्रह्ममात्र सत्य भएकाले आफ्ना भनेका केही वस्तु पनि सत्य छैनन् भन्ने अद्वैत वेदान्त दर्शनका आधारमा निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जीः*** *जगत, ब्रहम, माया, सत्य ।*

## Abstract

The article titled Advaita philosophy in the poem of Gauthali ko Chiribiri by Lekhnath Poudyal has been prepared on the basis of Vedanta philosophy. This article has been prepared on the basis of subtitles such as introduction, method of study, theoretical justification, analysis of Gowthali's Chiribiri poetry, etc. A person is going to protect the house, property, etc. that he has acquired by giving importance to them. Although man considers material things to be true, they are not indestructible, but one day all material will be disappeared. Nothing is permanent in this visible world. The theme of poem is people suffer due to obsession material property. Since the substances on earth are the common property of all living beings. The poem suggests that all creatures are equal. There is a reference to the destruction of false things in love and delusion even if they are considered to be true.

***Keywords:*** Illusion, soul, the world, truth.

Citation: Pokhrel, T. (2025). Advaita Vedanta philosophy in the poem of Gauthali ko Chiribiri by Lekhnath Paudyal. Adhyayan Journal, 12(1), 137-145.

*Corresponding author: Thakur P. Pokhrel

## परिचय

प्रस्तुत गौंथलीको चिरिबिरी लालित्य (भाग२) कवितासङ्ग्रहमा सङ्ग्रहित छ । यो कविता मात्राछन्दमा संरचित छ । यहाँ २७ वटा पद्यहरूमा अद्वैत वेदान्त दर्शनको प्रयोग भएको पाइन्छ । लेखनाथ पौड्यालले कविता लेखनको थालनीदेखि आखिरी कवितासम्मका कवितामा धेरथोर केही नकेही दर्शनको प्रयोग गरेका छन् । उनले दर्शनका साथै नैतिकता, आदर्शजस्ता प्रसङ्गका माध्यमबाट नेपाली समाजलाई सत्मार्गमा लाग्ने प्रेरणा दिएका छन् । क्षणिक आनन्दको आकर्षणमा परेर मानिस अनैतिक आचरणतर्फ उन्मुख हुँदै गएको छ । जुन वस्तु वास्तविक रूपमा सत्य र यथार्थ होइन त्यसैलाई वास्तविक ठानी अन्याय, अत्याचार गर्न रमाइरहेको हुन्छ । कवितामा 'म' र 'मेरो' भन्ने वस्तु चिन्न नसकी दिग्भ्रमित भएको व्यक्तिलाई चिनाउने र बुझाउने कार्य दर्शनका माध्यमबाट भएको छ । जीवनजगत् जेजस्तो देखिन्छ त्यो त्यस्तो छैन । संसार त्यसलाई नै सत्य वा वास्तविक ठानेर सबै प्राणीजगत् त्यसमै रमाइरहेको देखिन्छ । दर्शनले भ्रमबाट मुक्त भएर साश्वत सत्यलाई चिनाउने गर्दछ । यहाँ गौथलीको चिरिबिरी कविताको यसमा अद्वैत वेदान्त दर्शनका आधारमा विश्लेषण गरिएको छ ।

## पूर्वकार्य, अनुसन्धान रिक्तता र अन्तराल

विश्वराज पाण्डेको 'मेरो दृष्टिमा लेखनाथ पौड्याल' शीर्षकको लेख (*भानु*२०२३) मा पौड्याल धर्म र पूर्वीय वैदिक दर्शन प्रस्तुत गर्ने कवि हुन् भनेर टिप्पणी गरिएको छ । वासुदेव त्रिपाठीले *सिंहावलोकन* (२०२८)मा लेखनाथ पौडेललाई अध्यात्म दर्शनका कवि भनी उल्लेख गरेका छन् । उनको दर्शन सांसारिक जगत्भित्र अवस्थित तृष्णाको अन्धकारबाट मुक्त भएर दिव्यको सामीप्यता प्राप्त गर्न चाहन्छ । तारानाथ शर्माको *नेपाली साहित्यको इतिहास* (२०३९) मा लेखनाथ पौड्यालका कविताहरूमा आध्यात्मिक चिन्तन रहनुका साथै विश्व प्रेम र मानवताको सन्देश प्रवाहित भएको पाइन्छ भनिएको छ । राममणि रिसालले *नेपाली काव्य र कवि* (२०५०) 'कवि शिरोमणि पं. लेखनाथ पौड्याल' शीर्षकभित्र लेखनाथका काव्यकृतिमा अद्वैत दर्शनको अमिट छाप रहेको उल्लेख गरेका छन् । उपर्युक्त पूर्वकार्यका आधारमा लेखनाथ पौड्याललाई दार्शनिक कवि भनिए पनि अद्वैत वेदान्त दर्शन कुनकुन कवितामा प्रयोग भएको छ भन्ने बारेमा व्याख्याविश्लेषण भएको पाइदैन । अद्वैत वेदान्त दर्शनका आधारमा गौथलीको चिरिबिरी कविताको छुट्टै चर्चा भेटिदैन । यहाँ वेदान्तको सिद्धान्त अँगालेर कविताको विश्लेषण गर्नु सान्दर्भिक देखिएको हुँदा उपर्युक्त शीर्षक छनौट गरिएको हो ।

प्रस्तुत कविताको विश्लेषण गौथलीको चिरिबिरी कवितामा वेदान्त दर्शनको प्रयोग के कसरी भएको छ ? भन्ने समस्यामा केन्द्रित रहेको छ । कविता विश्लेषणका लागि निम्नलिखित शोध्य विषयलाई आधार बनाइएको छ- "गौथलीको चिरिबिरी कविताभित्र अद्वैत वेदान्त दर्शन" । विश्लेषणको ढाँचाका रूपमा जगत्, सत्य, माया र भ्रम रहेका  छन् । उपर्युक्त शोध समस्या र शोध्यप्रश्नको प्राज्ञिक समाधान खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

### औचित्य/सान्दर्भिकता

नेपाली कविता परम्परामा लेखनाथ पौड्यालका काव्य-कविताभित्र अद्वैत वेदान्त दर्शनको प्रयोग भएको पाइन्छ । उनको लालित्य (भाग २) का फुटकर कविताहरूको समग्र अध्ययन भए पनि अद्वैत वेदान्त दर्शनका आधारमा गौथलीको चिरिबिरी कविताको छुटै विश्लेषण भएको पाइदैन । त्यसैले उक्त दर्शनका सिद्धान्तभित्र रही कविताको विश्लेषण गर्नु औचित्य पूर्ण देखिन्छ । प्रस्तुत कविताको जगत्, सत्य, माया र भ्रमका सम्बन्धमा केन्द्रित रही विश्लेण गर्नु सान्दर्भिक रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख समस्यासँग सम्बन्धित सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरी तयार पारिएको छ । यो लेखमा प्राथमिक र द्वितीयक गरी दुई किसिमका सामग्रीहरूलाई प्रयोगमा ल्याइएको छ । विश्लेष्य गौथलीको चिरिबिरी कवितालाई प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ भने उक्त कवितासँग सम्बन्धित विभिन्न समालोचकका समालोचना र अद्वैत दर्शनसँग सम्बन्धित पुस्तक, पत्र-पत्रिकाहरू द्वितीयक सामग्रीका रूपमा प्रयोग भएका छन् । यिनै दुई प्रकारका सामग्रीहरूको गुणात्मक पद्धतिभित्र रही लेखलाई पूर्णता दिइएको छ । यस लेखमा वेदान्त दर्शनलाई अवधारणा बनाएर गौथलीको विचारलाई सूचक बनाइएको छ । कविता विश्लेषणका लागि निम्नलिखित शोध्य प्रश्नलाई आधार बनाइएको छ- "गौथलीको चिरिबिरी कविताभित्र अद्वैत वेदान्त दर्शन" । यहाँ जगत्,सत्य, माया र भ्रम विश्लेषण ढाँचाका रूपमा रहेका छन् ।

## सैद्धान्तिक पर्याधार

जीवनजगत्लाई गहन रूपमा बोध गर्नु भन्ने आशयका साथ दर्शन शब्दको प्रयोग भएको भेटिन्छ । दर्शन शब्दको शाब्दिक व्युत्पत्तिअनुसार कुनै पनि वस्तुको वास्तविक सत्यतथ्य बुभ्ने प्रयास गरिनु वा हुनुलाई दर्शन भनिन्छ (गिरि, २०५५, पृ.१) । वेदान्त दर्शन वेदका अन्त्यमा रहेका ज्ञानलाई समावेश गरी निर्माण भएको शास्त्रका रूपमा रहेको पाइन्छ । यसलाई मीमांसाको दोस्रो भागका रूपमा लिने गरिएको हुँदा उत्तरमीमांसा पनि भन्ने गरिएको छ (चालिसे, २०६९, पृ.३३) । यसअनुसार वेदको सार वा निचोड नै वेदान्त दर्शन हो । उपनिषद्, ब्रह्मसूत्र र भगवद्गीता तिनवटा ग्रन्थलाई वेदान्तका 'प्रस्थानत्रयी' भनिएको पाइन्छ । यी तिनवटा ग्रन्थमा पनि उपनिषद्लाई मूलप्रस्थान मानेर अन्य दुईवटा त्यसैमा आधारित छन् भनिएको छ । वेदान्तका प्रथम आचार्य ब्रह्मसूत्रका भाष्यकार शङ्कराचार्यले वेदान्त सम्प्रदायलाई प्रतिष्ठापित गरेका छन् । उनले जगत्मा ब्रह्ममात्र सत्य र दृश्यमान जगत् असत्य छ भन्दै अद्वैत वेदान्त दर्शनलाई महत्त्व दिए (शर्मा, सन् २०१३, पृ.२१२) । ठुलो, सानो हुने वा स्वरूप परिवर्तन हुने वस्तु अनित्य र अस्तित्वहीन हुन्छ । वस्तुको स्वरूप कहिल्यै पनि परिवर्तन नभएर सधैँ एकनाश रहने तत्त्वलाई नित्य वा सत्य  मानिन्छ । यसलाई वेदान्तमा अपरिवर्तीत आत्मा भनेर ब्रह्मका रूपमा व्याख्या गरिएको छ (व्या.गोयन्का, वि.सं.२००९, पृ१५३) । प्राकृतिक जगत् सधैँ एउटै अवस्थामा नरही स्वरूप परिवर्तन हुने गर्दछ । परिवर्तन हुने र पञ्चज्ञानेन्द्रियद्वारा अनुभव गरिने सबै वस्तुलाई जड मान्दै ब्रह्मलाई मात्र सत्य मानिएको छ ।

शङ्कराचार्यद्वारा व्याख्या गरिएको वेदान्त दर्शनलाई अद्वैत वेदान्त भनिएको पाइन्छ । उनले अद्वैतवादी चिन्तनका माध्यमबाट ईश्वरलाई पनि भौतिक जगत्को जस्तै व्याख्या गरेका छन् । यो ब्रह्माण्डको सृष्टि नै असत्य भएको हुँदा सृष्टिकर्ता पनि सत्य होइन भनी ईश्वरलाई पनि असत्य भएको प्रमाणित गरिदिए । उनले अद्वैतवादी दर्शनको निष्कर्षमा 'ब्रह्म' भन्ने वस्तुमात्र सत्य छ र यो सांसारिक जगत्चाहिँ भ्रम हो भन्ने व्याख्या गरेका छन् । (राई, २०७५, पृ.३९२) । अद्वैत वेदान्तका अनुसार यो ब्रह्माण्ड चचारचर जगत् नै मिथ्याका रूपमा रहेको छ । यो मायामोह र प्रपञ्चयुक्त संसार नित्य छैन । वास्तविकताहीन भएको हुँदा अनित्य पदार्थ जुनसुकै अवस्थामा पनि समाप्त  हुनसक्छ र स्थायी रूपमा रहने चिज भनेको 'ब्रह्म' मात्र हो । सत्यरहित मायावी संसारमा मिथ्यामात्र रहेको हुँदा त्यसलाई सत्य ठान्नुमा भ्रमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तैत्तिरीयोपनिषदको ब्रह्मानन्दवलीमा 'सत्य' भन्ने वस्तुका बारेमा व्याख्या गरिएको छ । जे देखिन्छ वा ज्ञानेन्द्रियद्वारा बोध गरिने वस्तुभन्दा भिन्न अवस्थामा रहेको परब्रह्म नै सत्य हो । यो नित्य छ, यसका अतिरिक्त सबै पदार्थहरू अनित्य र भ्रमपूर्ण अवस्थामा रहेका छन् । जस्तोसुकै अवस्थामा पनि 'ब्रह्म' रहिरहन्छ । यसमा अज्ञानको कुनै अंश नरही ज्ञानस्वरूप तत्त्वमात्र रहेको हुन्छ । त्यसकारण ब्रह्म देशकालको सीमाभन्दा अलगै रहेको, सबै प्राणीका अन्तर्हृदयमा सदासर्वदा रहने गर्दछ (ईशादि नौ उपनिषद्, वि.सं.२०६८, पृ.३४६) । त्यसकारण प्राणीहरूमा ईश्वरले वास गरेको हुन्छ । यो जगत् मायाद्वारा व्याप्त भएकाले यहाँभन्दा परको वास्तविकता बोध हुनसक्तैन । वेदान्तले दृश्य जगत् असत्य छ भनी व्याख्या गरेको छ । संसारमा रहेका सम्पूर्ण पदार्थहरू सत्य छैनन् र सत्य भन्ने वस्तुचाहिँ एकमात्र ब्रह्म हो । ज्ञानेन्द्रियले बोध गर्ने वस्तु सबै सत्यजस्तो लागे पनि यथार्थ नभएर भ्रममात्र हुन् । ती असत्य भए पनि ब्रह्ममै आधारित हुन्छन् र केही समयपछि आधार समाप्त भएर जान्छन् । भ्रम सिर्जना गर्ने सर्पको आधार डोरी भएजस्तै सत्यजस्तो अनुभूति गराउने वस्तुचाहिँ ब्रह्म हो (सिन्हा, सन् १९९९, पृ.२९६) अविद्याका कारण दृश्य जगत्लाई नै यथार्थ र सत्य मानिन्छ, सत्य भन्ने वस्तु अर्कै हो भन्ने ज्ञान हुन्छ र देखिएका पदाथहरू सबै नाश हुन्छन् भन्ने बोध भएर अविद्या समाप्त हुन्छ । (व्या.गोयन्का, वि.सं.२००९, पृ.१४७) । मानवका अन्तरङ्गभित्र सत्यको ज्ञान नभएसम्म बाह्य पदार्थ नै वास्तविक हो भन्ने भ्रम रहिरहेको हुन्छ ।

दृश्य जगत्लाई नै सत्य ठान्ने प्रवृत्तिका कारण मानव भ्रमका पछि दगुरिरहेको हुन्छ । यो जीवनजगत्भन्दा पर रहेको वस्तुचाहिँ यथार्थ हो भन्ने भावना केही नेपाली काव्य कवितामा प्रस्तुत भएको पाइन्छ । संसारलाई सारहीन रहेको विचार लेखनाथ पौडेल, सम, देवकोटाआदि कविका केही काव्य कवितामा रहेको भेटिन्छ । सबै वस्तुहरू स्थायी नभएर विनाशशील रहेको हुँदा दृश्य जगत् नाशवान् छ भन्ने भावनामा केन्द्रित छ । लेखमा गौथलीको चिरिबिरी कविताको विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ ।

## सामग्री विश्लेषण: प्राप्ति, नतिजा र छलफल

यस प्रस्तुत गौथलीको चिरिबिरी लेखनाथ पौड्यालद्वारा रचित कविता हो । कविताभित्र गौथलीले मानिसलाई धनसम्पति तुच्छ र नाश हुने वस्तु भनी सम्झाएको छ । जगत् असत्य भएकाले त्यसप्रति आशक्त नहुन आग्रह गरेको छ । यहाँका वस्तुहरू सबै प्राणीहरूका साझा सम्पत्ति हुन् । सत्य भन्ने वस्तु अध्यात्ममात्रै रहेको हुँदा त्यसको अनुसरण गर्न आगह गरेको छ । वास्तविकता नबुझी भ्रममा परेर माया गर्नु भन्दा सत्यतर्फ लाग्न भनिएको छ । संसार क्षणिक हो भन्ने बुझेर सबै प्राणीप्रति

आफूसमान व्यवहार गर्न भन्दै गौथलीको बास (गुण) हटाउनु बुद्धिमानी होइन । यहाँ कोही पनि सधैं नरहने भएकाले मेरो सम्पत्ति भनेर घमण्ड गर्नु व्यर्थ रहेको प्रसङ्ग कवितामा प्रस्तुत छ ।

कविता अद्वैत वेदान्त दर्शनमा आधारित छ । लेखनाथ पौड्यालको यस कवितामा वेदान्त दर्शनका मान्यताहरू प्रयोग भएका छन् । यहाँ गौथलीले 'म' पात्रसमक्ष बाह्य, सांसारिक जगत् र आन्तरिक जगत्मा भिन्नता रहेको दृष्टान्त प्रस्तुत गरेको छ । गौथली गुँड बनाएर बस्न लागेको देखेर घरधनी गुँड भत्काउन लागेपछि कविताको आरम्भ भएको छ । यो पृथ्वीमा आफ्नो भन्ने केही पनि नभएर जगत् सबै प्राणीहरूको साझा हो भन्ने सन्देश दिएको छ । कविता वेदान्तले महत्त्व दिएका माया र भ्रमका कारण संसार भुलभुलैयायुक्त छ भन्ने चिन्तन प्रस्तुत छ ।

## सत्य र जगत्

प्रस्तुत कवितामा जगत्लाई सत्य ठानेर मानिस त्यसैमा भुलिरहेको विचार रहेको छ । गौथलीले दृश्य जगत्लाई वास्तविक ठान्ने प्रवृत्ति मानिसमा रहेको चर्चा गरेको छ । जगत्मा सबैले आफूसँग भएका घर, सम्पत्ति मेरो भनेर विश्वास गरिरहेका हुन्छन् । त्यस्ता वस्तुहरू सधैं एउटै मानिसका अधिनमा रहदैनन् । जसका साथमा छ त्यो त्यसैको भएजस्तो देखिए पनि सबै पदार्थहरू समाप्त भर अथवा अर्कैका अधिनमा पुग्दछन् । अद्वैत वेदान्त दर्शनका अनुसार यो सुन्दर जगत् एकदिन समाप्त भएर जान्छ । ब्रह्म एकमात्र सत्य भएको र त्यसदेखि भिन्न पदार्थ सत्य रहित छ भनेर व्याख्या गरेको पाइन्छ । सत्यचाहिँ सधैं एउटै स्वरूपमा मात्र रहन्छ । सदैव जगत् परिवर्तन भइरहने हुँदा मिथ्यायुक्त छ । त्यसैले ब्रह्ममात्र सत्य छ र जगत्चाहिँ असत्य, क्षणिक छ भनी चर्चा गरिएको छ -सिन्हा, सन् १९९९, पृ. २९६) । यहाँ ब्रह्मलाई सत्यका रूपमा हेरिएको छ भने जगत्चाहिँ सत्य होइन भनिएको छ ।

घर सधैं एउटा व्यक्तिका अधिनमा रहँदैन र यसलाई मेरो भन्ने मानिसहरू अझै धेरै आउने छन् । घरमा प्रयुक्त काठ, इँटा सङ्कलन र निर्माण गर्ने व्यक्ति सदैव जीवित रहँदैनन् । घर मेरो भन्ने व्यक्ति पनि एउटै नभएर परिवर्तन भइरहन्छ भन्ने विचार यहाँ प्रस्तुत छ -

अघि कति भन्थे यै घर मेरो

कति कति घस्थे रङ्ग कमेरो ?

अब सब तिनको नाता पर भो

विधिवश अहिले हाम्रो घर भो ॥६॥ (पौड्याल, २०४९, पृ.३)

प्रस्तुत कवितामा जगत् सधैं परिवर्तन भइरहने प्रसङ्ग रहेको छ । जगत् सत्य भएको भए पहिलाका मानिसहरू कालान्तरसम्म पनि रहन्थे, जीवनजस्तै जगत्को स्वरूप पनि परिवर्तन भइरहन्छ । पछि पनि कति मानिसहरूले घरलाई आफ्नो भनी अधिकार देखाउने छन् । त्यसकारण यहाँका कुनै पनि वस्तुहरू सत्य नभएर मिथ्यायुक्त रहेकाले जगत् असत्य छ ।

सत्यका रूपमा ब्रह्ममात्र रहेको हुँदा त्यसभन्दा पर रहेको जगत् र त्यहाँका वस्तुहरू सत्य होइनन् । मानिस आफूसँग धनसम्पत्ति हुँदा घमन्ड देखाउने गर्दछ तर यो जगत् भनेको नाट्यशालाजस्तै रमिता हेर्ने ठाउँमात्र हो भन्ने विचार कवितामा प्रस्तुत छ । जगत्मा बस्ने मानिसहरूको तडकभडक केही समयका लागिमात्र भन्ने यहाँ रहेको छ-

त्यो पनि थोरै दिनका लागि

आखिर जानै पर्दछ त्यागी ।

बटुवा सरि छौं सब तिमी हामी

अगुवा एकै अन्तरयामी ॥१५॥ (पृ.५)

मानिस यो संसारमा सधैं रहदैन । ऊ निश्चित अवधि पूरा भएपछि आफूले आर्जन गरेका वस्तुहरू त्यागेर जानुपर्दछ । जीव यात्रीजस्तै डुलिरहने भएकाले ब्रह्म (अन्तरयामी)का पछि लाग्दछ । यो जगत्का सबै वस्तुहरू सधैं रहँदैनन् भन्ने कुरालाई कवितामा प्रस्तुत गरिएको छ । यहाँ सत्य भन्ने वस्तु ब्रह्ममात्र भएको हुँदा असत्य वस्तुप्रति मोह राखेर त्यसलाई मेरो भन्दै घमण्ड नगर्न गौथलीले मानिसलाई आग्रह गरेको छ । यहाँ सत्य के हो ? भन्ने कुरा बुझेर जीवनलाई सार्थक गराउने

अध्यात्मको आश्रय लिनु आवश्यक रहेको उल्लेख छ । यो भवसागरबाट मुक्त गराउने एकमात्र उपाय भनेको अध्यात्म हो भन्ने नबुझेर मानिस त्यतर्फ पीठ फर्काइरहेको छ । सत्यलाई वास्ता नगरी जगत्मा रमाएको देख्दा गौथलीलाई दया लागेको छ । यसरी सत्य र जगत् एकअर्कादेखि अलग हुन् भन्ने प्रसङ्ग कवितामा प्रस्तुत भएको छ ।

## माया

गुँडबाट घरमा फोहोर खसेको देखेर मानिस चराको बासस्थान नै हटाउन लाग्दछ । ऊ अन्य प्राणीभन्दा भिन्न, राम्रो, सफा र विशिष्टि देखिने अहम्युक्त अवस्थामा रहेको छ । व्यक्तिभित्र आफ्नो सामान, वस्तु बिग्रदा वा इच्छाविपरीत अर्कैले हरण गर्दा अहङ्कारग्रसित आक्रामक स्वभावको विकास हुन्छ । प्रकृतिप्रदत्त बाह्य संस्कार वा मानिसिकता अहङ्कारयुक्त हुनुलाई वेदान्तले अविद्या भनी व्याख्या गरेको छ । बाह्य वस्तुप्रति अतिमोह, अनुराग भएर त्यसलाई सार्थक ठान्नु अविद्या वा अज्ञान हो (खतिवडा, २०७२, पृ.११०)  भनी वेदान्तमा उल्लेख गरिएको छ । अब घर सधैँ फोहोर हुन्छ भन्ने कुराले रिसाएर गुँड भत्काउन लागेको देखेपछि गौथली संयम भएर बोल्दछ । मानिस आफ्नो घर फोहोर हुन्छ भन्ने सोचेर आक्रामक भएपछि तेरोमेरो भन्ने कुराले सताएको बुझेर गौथली यहाँ दार्शनिक विचार व्यक्त गर्दछ -

तिमीले भन्छौ यो घर मेरो ।

म पनि कहन्छु यै घर मेरो ॥

वास्तव तिम्रो हो वा मेरो

खूब लगाउ मनमा फेरो (पौड्याल, २०४९, पृ.२) ।

मान्छे र गौथली बसेको घर आखिर कसको हो, यहाँ दुवै प्राणी आफ्नो भनी माया गर्न लागेका छन् । ईश्वर मायाका माध्यमबाट विश्वको निर्माण गर्दछ । त्यसकारण मायालाई ईश्वरको शक्ति मानिन्छ । ईश्वरद्वारा जगत् उत्पन्न र विलीन हुन्छ । जगत्का सबै वस्तुहरू अस्तित्वहीन भएकाले तिनलाई सत्य ठान्नु हुँदैन (सिन्हा, सन्१९९९, पृ.३१८) । जगत्का सबै पदार्थहरू असत्य हुन् भन्ने बुझेर तिनलाई धेरै वास्ता गर्नु हुँदैन ।

रिसरागयुक्त मानव आफ्नो मानवीयपन त्यागेर नृशंस कार्यमा लागेपछि गौथलीले दृश्य जगत् असत्य छ भन्ने वास्तविकताको रहस्योद्घटन गरेको छ । वेदान्तका अनुसार नित्य रहने वस्तु भनेको ब्रह्ममात्रै हो । प्रलयकालमा सम्पूर्ण प्राणीलगायत सम्पूर्ण जगत् अस्तित्वविहीन हुँदा पनि एउटैमात्र अस्तित्वमा रहेको थियो । प्रलयपछि जगत्को सृष्टिसँगै प्राणीहरू देखापरेका हुँदा ब्रह्मबाहेक सबै पदार्थको उत्पत्ति र समाप्त भइरहन्छ (व्या.गोयन्का, वि.सं.२००९, पृ.२११) । वेदान्तले सामान्य अवस्थामा देखिने वस्तुहरू असत्य छन् भनेर व्याख्या गरेको छ । यथार्थ रूपमा एउटै मात्र ब्रह्म सत्य छ, अन्य सबै जीवनजगत् असत्य छन् भनिएको छ । जस्तोसुकै अवस्थामा पनि ब्रह्ममात्रै रहन्छ र त्यसभन्दा अलग रहेका सबै पदार्थहरू मिथ्या वा असत्य हुन् (सिन्हा, सन्१९९२, पृ२९६) भन्ने मान्यताहरू रहेका छन् ।

स्थायी र सत्य भन्ने वस्तु केही पनि छैनन् । लेखनाथ पौड्यालको सिर्जना ब्रह्म सत्य छ र जगत् मिथ्या हो भन्ने वेदान्त दर्शनमा आधारित रहेको छ । दर्शनलाई सहज र संवेद्य बनाएर कवितामा प्रयोग गरिएको पाइन्छ । दर्शन प्रयोगका कारणले लेखनाथका कविता, काव्य महत्त्वपूर्ण बन्न पुगेका छन् (उपाध्याय, २०५२, पृ.५२१) । घर निर्माणमा प्रयोग भएका काठ, इँटा धेरै वर्षसम्म रहे पनि युगौँयुगसम्म नरहेर माटोमा विलीन हुन्छन् । यसलाई उभ्याउन अहर्निश लागेका कर्मीहरू सबैले यो संसार एक दिन छाड्नै पर्दछ । शक्तिसम्पन्न, राजादेखि रङ्कसम्म सबै पृथ्वीबाट बिदा भइसकेका छन् । प्रत्येक युगमा मानिसहरू यो घर मेरो भन्दै आउने, जाने गरिरहेका देखिन्छन् । सबैले आफू सधैँ यसरी नै रहिरहन्छु भन्ने ठानिरहेका हुन्छन् । मानिसले आफूलाई जीवित राख्न सकेको छैन । त्यो घरमा मानिस र गौथलीमात्र दुई प्राणीहरू केही समयका लागि आश्रय लिदै आएका छन् । रिसरागमा रहँदा मानसिक तनाव उत्पन्न हुन्छ । मनका कलुषित भावनालाई नत्यागेसम्म मानसिक आनन्द हुँदैन । जगत् प्रपञ्च र मायायुक्त भएकाले  मानिसमा कल्मषहरू विकसित हुन्छन् । यस्तो हुनुमा विषयी अनात्माको कारण हो (शर्मा, सन्२०१३, पृ.२४०) । मानवजीवन अनित्य भएकाले मनका फोहोरहरू परित्याग गर्नुपर्ने विचार गौथली यसरी सुनाउँछ -

छोड सबै त्यो रिस र राग

पुछिद्यौ दिलको कालो दाग ।

मिलिजुली सबले घाम र पानी

छल्नै पर्छ आखिर नानी !! (पौड्याल, २०४१, पृ.३) ।

पृथ्वीमा सबै मिलीजुली बस्नु पर्दछ भन्ने सन्देश दिँदै समानतालाई कवितामा जोड दिइएको छ । मानिस समाजमा बस्न थालेपछि तेरो, मेरो भन्दै आफैँमात्र सम्पन्न र शक्तिशाली बन्ने चाहनाका कारण मनमा कल्मष पालेर बाँचेको छ ।

प्राचीन कालमा पनि मानिसहरू मेरो घर, मेरो सम्पत्ति भन्दथे तर तिनले पनि आफ्ना भनेका वस्तुहरू लिएर गएनन् । आफ्नो घरको सुरक्षा गर्ने, त्यसलाई समय, समयमा रङ्गीन बनाउने काम गरे पनि उनीहरू कहिल्यै नआउने ठाउँतिर गइसके । कुनै पनि वस्तु व्यक्तिका अधीनमा केही समयका लागिमात्र हुन्छ । सबै वस्तु सदासर्वदा रहँदैन भने मानिस त जति बेला पनि समाप्त हुन्छ । संसारमा जीवात्मामात्र स्थायी रूपमा रहने भएकाले ऊ नित्य छ भने त्यसदेखि पर रहेका सबै बाह्य पदार्थ (प्रकृति) परिवर्तनशील भएकाले अनित्य छन् । अनित्य वस्तुजति सबै स्वतन्त्र छैनन् र कसैमा आश्रित भएर रहन्छन् । जीवात्माचाहिँ स्वतन्त्र हुनुका साथै अलग भएर रहेको हुन्छ (राधाकृष्णन, सन्१९६६, पृ.२८) । कविताभित्र मान्छे बस्ने घरलाई पहिला कसैले मेरो भन्यो, आज कसैले मेरो भन्दै छ । एउटै व्यक्तिका अधिनमा कुनै वस्तु सधैं रहन सक्दै । घर एक दिन समाप्त हुने भएकाले अनित्य वा नाशवान् छ । गौथलीका अनुसार घर आजमात्र नभइ पछिसम्म पनि कतिजनाले मेरो भनेर झगडा गर्दछन् तर तिनको पनि हुँदैन । त्यसैले कुनै पनि व्यक्तिले मेरो भन्दैमा त्यससँग नित्य रहदैन । तिमी भन्दछौ 'यो घर मेरो' तर राम्ररी विचार गर्ने हो भने यहाँ कति प्राणीहरूले आश्रय लिएका छन् । रातमा कति मुसाहरू घरभित्र चिच्याउँछन्, केही अन्न खाएर रमाउँदै यो घर मेरो भन्दछन् । घरका मालिकको अनुमति विना नै भुइँ खनेर चारैतर्फ ओडार बनाउँछन् । भँडारको अन्न जति सबै मुसाले लुकाएर 'तिमी' लाई खानारहित बनाउन सक्दछन् । त्यसपछि मालिकको केही रहँदैन भनेर गौथलीले सम्झाएको छ ।

प्रस्तुत कवितामा मान्छेमात्र नभएर धेरै प्राणीहरू घरलाई आफ्नो ठानी निर्धक्कसँग बसिरहेको प्रसङ्ग यसरी उल्लेख गरिएको छ -

चतुरो त्यो पनि तिमी जस्तै छ,

घरको ममता-वश मस्तै छ ।

न त त्यो सर्द छ न त क्यै दिन्छ,

तिमीसित उल्टो भाडा लिन्छ ॥१०॥

मालिकपनको झिक्दै भाऊ

आउँछ अर्को गर्दै ड्याऊँ ।

उसकन झटपट झापट दिन्छ,

दूध दही सब चाटी लिन्छ ॥११॥ (पृ.४)

मानिसले कति खर्च, पश्रिम गरेर घर निर्माण गरेको हुन्छ तर त्यहाँ अन्य प्राणीहरू निर्धक्कसँग बसिरहेका हुन्छन् । तिनीहरू मेरो घर भनेर बस्दै आएपछि मान्छेलाई दासका रूपमा हेर्ने हुँदा घर कहिल्यै पनि आफ्नो हुँदैन । त्यसकारण घर मेरो हो भनी माया गर्नु निरर्थक भएको विचार गौथली व्यक्त गर्दछ ।

## भ्रम

संसार रङ्शालाजस्तै विचित्र र भ्रमयुक्त भएकाले एउटाले सोचेअनुसार अर्काले नठान्ने प्रवृत्ति रहेको छ । त्यसलाई नराम्रो मानेर मनमा रिसराग पाल्दा आफूलाई कहिल्यै पनि मानसिक शान्ति हुँदैन भन्ने दार्शनिक धारणा प्रस्तुत छ । यहाँ यही र यस्तै हुनुपर्द भन्ने छैन र रमितामात्र सधैँ भइरहन्छ । जस्तो परिस्थिति आए पनि नरिसाउन आग्रह गर्दै गौथली भन्छ-

यो सब रमिता जानीजानी

किन तिमी गर्छौ मुफत रिसानी ?

बस तिमी तेही आसनमाथि

मकन पियारो मानी साथी ॥ १३॥ (पृ.४)

कवितामा आफू जहाँ बसिन्छ त्यसलाईमात्र आफ्नो ठानेर बस्न अनुरोध गरेको छ । सधैँ र सबै वस्तु आफ्ना अधिनमा हुँदैनन् भन्ने विचार प्रस्तुत छ । गौथलीले बस्ने आसनलाई आफ्नो मानी गुँडचाहिँ मेरो विर्ता हो भन्ने कुरा स्विकार्नु भनेको छ । उसका अनुसार घरको अन्य सेरोफेरो र बैठक कोठा सबैको साझा हो । घरको माया जति गरे पनि मान्छे र गौथली थोरै दिनका मात्र बासिन्दा हुन् । कुनै पनि वस्तु सदासर्वदा नरहेको विचार यहाँ प्रस्तुत छ । वेदान्तका अनुसार कुनै पनि वस्तुलाई सत्य मानेर माया गर्नु भनेको भ्रम हो । रातको अन्धकारमा भुइँमा डोरी देख्दा सर्प ठानेजस्तै यो ब्रह्माण्डमा रहेका आकारयुक्त वस्तु सबै भ्रम र असत्य हुन् । आफ्नो स्वरूप समय र परिस्थिति अनुसार परिवर्तन भइरहने हुँदा सत्य होइनन् । इन्द्रियले ग्रहण गर्ने जति वस्तु छन् ती सबै असत्य हुन् भने त्यसभन्दा फरक र भिन्न वस्तुमात्र सत्य हो (सम्पूर्णानन्द, सन् १९४१, पृ.१२) । यो कवितामा पनि भ्रमलाई नै रमिताका रूपमा चित्रण गरिएको छ ।

प्रस्तुत कवितामा मानिस लगायत जीवहरू नित्य अवस्थामा रहँदैनन् भनी उल्लेख गरिएको छ । ती निश्चित समयका लागि पृथ्वीमा बसेर आ-आफ्नो गन्तव्यतर्फ लाग्दछन् । प्राणीहरू यहाँ केही समयका मात्र यात्री हुन् । आफूलाई तोकिदिएको समयसम्म बसेर बाटो लाग्ने भएकाले घरलाई एउटा साझा चौतारीका रूपमा चित्रण गरिएको छ । धेरै सम्पत्ति खर्च गरेर सङ्ग्रहित भौतिक वस्तु सधैँ आफूसँग रहँदैनन् । गौथलीका अनुसार घर बनाउँदा धेरै धन खर्च भएको कुरा आफूलाई जानकारी रहेको छ । मानिसले रुपियाँको स्वरूप कस्तो हुन्छ भनी विचार गर्नु पर्दछ । धन धेरै भए पनि राम्रो होइन भन्ने कुरा यसरी प्रस्तुत भएको छ-

तर रुपियाँको रूप विचार...

जुन रुपियाँले गर्दा आज

सब दुनियाँको मगज मिजाज ।

शुष्क गरायो उसका लागि

किन तिमी बन्छौ दुच्छर दागी ?? ॥१७॥ (पौड्याल, २०४९, पृ.५)

रुपियाँका लागि मानिस जीवन समर्पण गर्दछन् । लगनशील भएर सङ्ग्रह गरे पनि रुपियाँ चञ्चल स्वभावको भएकाले एक ठाउँबाट अर्कातर्फ डुलिरहन्छ । यस्तो अस्थिर स्वरूप बुझेर त्यसलाई अनित्य सम्झन आग्रह गरिएको छ । धन सञ्चय गर्नु भनेको आफू अन्धकारको दलदलमा पर्नु हो । यसले जीवनलाई सहज नभई असहज र सङ्कटमा पुऱ्याउँछ । कवितामा यस्तो अनित्य वस्तुलाई माया गरेर प्राणीलाई सहाराहीन नबनाउन आग्रह गरिएको छ । संसार नै भ्रम भएकाले सबै चिज अस्तित्वहीन छन् । यस्ता असत्य वस्तु भन्दा ब्रह्म धेरै पर रहेको छ ।

प्रस्तुत कवितामा सांसारिक जगत्लाई मिथ्या हो भनी वर्णन गरिएको छ । भुलभुलैयामा परेर त्यसमा रमाउनेहरूलाई गौथलीले यसरी सचेत गराएको छ -

ममता गरी जड मट्टी-माथि

कति दिन भुल्छौ व्यर्थै माती ॥

मानिस तिमी छौ खोली छाती

होउ चराको चेलो जाती ॥२१॥ (पृ.६)

संसार जड भएकाले त्यसलाई माया गर्नु अर्थहीन भएको उल्लेख गरिएको छ । यहाँ गौथलीका अनुसार जगत्का वस्तुप्रति मोहित भएर रमाउनुभन्दा चराको विचार अनुसरण गर्नु राम्रो हो ।

बाह्य जगत्लाई माया गर्दा क्षणिक सन्तुष्टि प्राप्त भए पनि त्यो कालान्तरसम्म रहन सक्दैन । त्यस्ता अस्तित्वहीन वस्तुमा भुलेर अहङ्कार गर्दै बस्नुभन्दा सफा हृदयले सबैलाई सहयोग गरी आध्यात्मको ज्ञान गर्नु आवश्यक रहेको विचार प्रस्तुत छ।

मानिसको उन्नति, प्रगति भनेको अध्यात्मको चिन्तनमात्रै हो । भौतिक चिन्तनबाट क्षणिक आनन्द प्राप्त त होला तर त्यो चिरस्थायी हुन सक्दैन । सांसारिक मोह, बन्धनबाट मुक्त गराउने एकमात्र साधन आध्यात्मिक ज्ञान रहेको छ । त्यसले जीवनभर आनन्द र मृत्यु पश्चात् आत्मिक लाभ प्रदान गर्दछ भन्ने धारणा कवितामा प्रस्तुत भएको छ । गौथलीका दृष्टिमा मानवले अध्यात्मलाई वास्त गरेको छैन । यस्तो बुझेर उसलाई मानवजीवनप्रति अति दया लागेको देखिन्छ । ऊ अझै जीवनलाई अर्थपूर्ण बनाउने उपाय यहाँ बताउँछ -

भौतिक सम्पति अरब कमाऊ

जल, थल, नभसम्म टम्म जमाऊ ॥

त्यसमा तिम्रो उन्नति छैन

त्यो सब सपनाको हो चैन ॥२३॥ (पृ.६)

भौतिक सुखमा रमाउने सपना देख्नुभन्दा सचेत भएर आध्यात्मिक उन्नतितर्फ लाग्न सन्देश दिएको छ । अज्ञानको चक्रमा परेर प्राकृतिक सौन्दर्यमा रमाउँदा कुनै लाभ हुँदैन । कवितामा अज्ञानको पर्दा हटाएर ज्ञानमार्गमा लाग्न भनिएको छ । अन्धकारबाट उज्यालोमा आउनका लागि जागा हुनुपर्दछ । बाह्य आनन्दको गहन निद्रमा परेर अरूलाई बेवास्ता गर्ने बानी त्याग्नु आवश्यक छ । वेदान्तले इन्द्रियजन्य आनन्दलाई बन्धनका रूपमा व्याख्या गरेको  छ । जीव अविद्याको कारण होइन । यसको कारण त शरीरमा रहेका इन्द्रियहरू हुन् । तिनीहरू भौतिक संसारमा रमाउन लागेपछि अहङ्काराद्वारा सांसारिक दुःख आइलाग्दछ । त्यसैले बन्धन मुक्तिका लागि आत्मज्ञान आवश्यक छ  (शर्मा, सन्२०१३, पृ.२५७) । कविताले पनि मानिसलाई अज्ञान रूपी निद्रा परित्याग गरी ज्ञानमार्गमा लाग्न सन्देश दिएको छ ।

प्रस्तुत कवितामा सचेत भएर सबै दीनदुःखी प्राणीहरूमाथि दया गर्न गौथलीले यसरी सन्देश दिएको छ -

दीन दुःखीमा करुणा राख

प्रेम-सुधारस भरशख चाख ॥

होउ चराको चेलो आऊ

चेतन चोला सफल गराऊ ॥...॥ (पृ.२५)

यसरी कविमनरूपी चराले व्यक्तिमा रहेको अज्ञानता हटाउन निकै प्रयास गरेको देखिन्छ । उसले मानवीय चेतनालाई सजग गराउँदै सत्मार्गमा लाग्न प्रेरणा दिएको छ । जस्तोसुकै आनन्द प्राप्त भए पनि त्यसले जीवनलाई गतिशील बनाउन सक्दैन । आध्यात्मिक ज्ञानले ब्रह्म विषयक अज्ञानको अन्धकारलाई हटाएर दिव्यता प्रदान गर्दछ भन्ने धारणा कवितामा रहेको पाइन्छ।

### प्राप्ति

प्रस्तुत कविताभित्र गौथलीका माध्यमबाट सांसारिक मायामोह र सत्य भन्ने कुरा के हुन् भन्ने प्रसङ्ग संक्षेपमा प्रस्तुत भएको पाइन्छ । लेखनाथ पौडेलले सुगा, कोइली, गौथलीजस्ता पक्षीहरूलाई पात्र बनाएर दार्शनिक चिन्तन प्रस्तुत गरेका छन् । ती कविताहरूमध्ये यस कवितामा अद्वैत वेदान्त दर्शन प्रयोग भएको पाइन्छ । यो सांसारिक जगत् माया, भ्रमयुक्त भएको र त्यसभन्दा पर रहेको सत्य (ब्रह्म)लाई बुझ्न गौथलीका माध्यबाट आग्रह गरिएको छ । जगत्मा रहेका कुनै पनि पदार्थहरू सत्य छैनन् । जुनसुकै अवस्थामा पनि नाश हुने वस्तुलाई माया नगरी सत्यका रूपमा रहेको अध्यात्म चिन्तनतर्फ लाग्न गौथलीले मानिस (घरधनी)लाई आग्रह गरेको छ । यसरी अद्वैत वेदान्त दर्शनका सिद्धान्तमा केन्द्रित रहेको प्रस्तुत कविता इतिहासकै नौलो प्राप्तिका रूपमा रहेको छ ।

## निष्कर्ष

प्रस्तुत गौथलीको चिरिबिरी लेखनाथ पौड्यालद्वारा रचित कविता हो । यसमा गौथलीले आफ्नो गुण भत्काउन खोज्ने व्यक्तिलाई सबै प्राणीहरू समान भएकाले सबैलाई दया गर्नु मानवीय कर्तव्य हो भनी सम्झाएको छ । यहाँ  मेरो भनेर माया गरेका घरमा एउटा मानिसमात्र नभएर धेरै जीवहरू बस्ने गरेको विचार प्रस्तुत छ । लेखनाथ पौड्यालका काव्य/कवितामा पूर्वीय

दर्शनको प्रयोग भएको छ । यो कवितामा शङ्कराचार्यद्वारा प्रतिपादित मायावादी चिन्तनमा रहेको ब्रह्ममात्र सत्य छ र जगत्का अन्य सबै वस्तुहरू सत्य होइनन् भन्ने कुरा गौथलीका माध्यमबाट प्रस्तुत छ। यहाँ सबै प्राणीहरूप्रति समान रूपले व्यवहार गर्नु मानवीय कर्तव्य हो भन्ने कुराका आधारमा निर्मित कविताभित्र गौथली आध्यात्मिक र भौतिक प्रसङ्गको व्याख्याताका रूपमा उपस्थित भएको छ । धनसम्पत्तिप्रति मोहित हुनाले दुःख, सङ्कटमा परिन्छ भन्ने विचार मुख्य रूपमा प्रस्तुत छ ।

घरमा गौथलीले फोहोर पारेपछि म पात्रका मनमा आक्रोश उत्पन्न हुनपुग्दछ । उसको व्यवहार देखेर गौथलीले व्यक्तिमा रहेको भ्रम चिर्ने काम गरेको छ। भौतिक वस्तुलाई सत्य ठानेर माया गर्नु भनेको भ्रममा पर्नु हो। सत्य भन्ने वस्तु ब्रह्ममात्र रहेको छ र दृश्य जगत् असत्य रहेको छ। यहाँ आफ्ना भनिएका वस्तुहरू कुनै पनि सत्य नभएर अँध्यारोमा रहेको डोरीलाई सर्पजस्तै ठान्नु हो भन्ने धारणा अद्वैत वेदान्तको दर्शनसँग सम्बन्धित छ । कविताभित्र सांसारिक मायामोहले प्राणीलाई सङ्कटमा पार्दछ भन्ने चिन्तन प्रस्तुत छ । यो भवसागरप्रति मोहित हुनु भनेको जीवनलाई अन्धकारमा धकेल्नु हो । बाह्य जगत्प्रति आकर्षित नभएर जीवनलाई सार्थक तुल्याउन आध्यात्मिक चिन्तनतर्फ केन्द्रित गराउनुपर्दछ भन्ने मुख्य भाव रहेको पाइन्छ । सबै प्राणीहरू समान हुन् भनी तिनीहरूमाथि करुणा राख्न आग्रह गरिएको छ । कविताले घर मालिकलाई सत्य र जगत्प्रतिको भिन्नता बोध गराउँदै त्यसप्रति सचेत भएर जीवन सार्थक गराउनका लागि माया र भ्रमबाट मुक्त हुन आग्रह गरेको छ।

## सन्दर्भ सूची

ईशादि नौ उपनिषद्. (वि.सं.२०६८). व्या. हरिकृष्णदास गोयन्का. गोरखपुर: गीताप्रेस ।

उपाध्याय, केशवप्रसाद. (२०५२). तरुण तपसीका लेखनाथको दर्शन र विचार. संपा. नरेन्द्रराज चापागाईं र दधिराज सुवेदी. *काव्यसमालोचना.* विराटनगर: पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

खतिवडा, भवानीप्रसाद. (२०७२). अविद्यास्तमयोमोक्षः .*धनुष्कोटी.* (स्मारिका) किरातेश्वर महादेव धनुष्कोटीधाम झापा ।

गिरि, रामानन्द. (२०५५). *जनक दर्शन.* अनु. रामहरि तिंसिना. भक्तपुर: जनक शिक्षा सामग्री केन्द्र ।

चालिसे, नारायण. (२०३९).पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास. दाङ: वि.पि.चिन्तन केन्द्र ।

पौड्याल, लेखनाथ. (२०४९) *लालित्य.* (भाग.२) ललितपुर: साझा प्रकाशन ।

राई, भक्त. (२०७४). *पूर्वय दर्शन.* काठमाडौं: नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राधाकृष्णन, (१९६६). *भारतीय दर्शन.* दिल्ली: राजपाल एन्ड सन्स ।

*वेदान्त दर्शन.* (वि.सं. २००९). व्या. हरिकृष्णदास गोयन्का. गोरखपुर: गीताप्रेस ।

सम्पूर्णानन्द, (सन्२०४१). *दर्शन और जीवन.* कानपुर: पूर्णानन्द वर्मा ।

शर्मा, चन्द्रधर. (सन्२०१३). *भारतीय दर्शन.* पुनर्मु. दिल्ली: मोतीलाल वनारसी दास ।

सिन्हा, हरेन्द्रप्रसाद.(सन्१९९९). *भारतीय दर्शन की रूपरेखा.* दिल्ली: मोतीलाल वनारसी दास ।